दर्ता नं.१५४१८३/०७३/०७४

# स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.

# Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था (प्रादेशिक स्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही**

Swabhimaan Laghubitta Bittiya Sanstha Limited Tilottama-5, Rupandehi

प.सं. २०७७।७८

च.नं. ६३१

मितिः २०७७।१०।२२

श्री नेपाल स्टक एक्सचेन्ज

सिंहदरबार प्लाजा, काठमाण्डौं

विषयः वार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७७।१०।२० गते मंगलवार सांझ ४.३० बजे बसेको संचालक समितिको ५०औं बैठकको निर्णय बमोजिम संस्थाको चौथो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको व्यहोरा जानकारीको लागि सादर अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान

मितिः २०७७।११।१३ गते बिहिबार, तदनुसार २५ फेब्रुवरी, २०२१

समयः अपरान्ह ३.०० बजे

स्थानः डार्सिज इन्टरनेशनल होटल, बुटवल, रुपन्देही

छलफलको विषय सूची :

क. सामान्य प्रस्तावः

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७६/०७७ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७७, आषाढ मसान्तको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण कार्यकोलागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) आ.व. २०७६/०७७ सम्मको कुल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चुक्ता पुँजीको १.०५ प्रतिशतले हुन आउने रकम रु.८,०७,४९२।६३ (आठ लाख सात हजार चार सय बयानब्बे र पैसा त्रिसठ्ठी मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनको लागि) बितरण गर्न स्वीकृत गर्ने ।

ख. बिशेष प्रस्तावः

(१) आ.व. २०७६/०७७ सम्मको कुल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चुक्ता पुँजीको २० प्रतिशतले हुन आउने रकम रु.१,५३,४२,३६०। (एक करोड त्रिपन्न लाख बयालिस हजार तीन सय साठी मात्र) बराबरको बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।

(२) जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने ।

(३) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

(४) अन्य इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न / गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(५) संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

ग. विविध ।

भवदीय,

(कृष्ण राज चौधरी)

कम्पनी सचिव र प्रमुख कार्यकारी अधिकृत

Phone No.: 977-71-561258, 561259, e-mail: swabhimaansmbsl@gmail.com